# अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा रसुवा

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

## अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

प्रस्तावना : उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीको मनोवल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन सेवाप्रति समर्पणभाव अभिवृद्धि गर्न अस्थायी, करार सेवा, सेवा करारमा कार्यरत कर्मचारीको सेवा सुविधा र सर्त सम्वन्धी कानुन बनाउन बाञ्चनीय भएकोले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४बमोजिम उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाका गाउँसभाले यो ऐन बनाई लागु गरेको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यो ऐनको नाम "अस्थायी, करार सेवावा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यालय" भन्नाले उत्तरगयागाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय र स्वास्थ्य संस्था समेतलाई जनाउनेछ ।

(ख) "कर्मचारी" भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा कार्यरत अस्थायी, सेवा करार र करार सेवामा अविछिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) "सुविधा"भन्नाले कार्यालयमा कार्यरत कर्मचारी जुनसुकै कारणले सेवा निवृत हुँदा सुविधा वापत दिइने एकमुष्ट रकम सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्छ ।

### परिच्छेद- २

### सेवा सुविधा सम्वन्धी व्यवस्था

३. कर्मचारीको म्याद थप व्यवस्था: (१) यस ऐन बमोजिम सेवा करार वा करार सेवामा कार्यरत सवै तह, पद र स्तरका कर्मचारीहरुको प्रत्येक छ महिनामा कार्यापालिकाले आवश्यकता अनुसार म्याद थप गरिनेछ ।

(२) उपदफा (१) बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्विकृत दरबन्दिमा कार्यरत रहेको हुनु पर्नेछ ।

४. अभिलेख व्यवस्थापन: यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र स्विकृत दरवन्दिमा अस्थायी, करार सेवावा सेवा करारमाकार्यरत सम्पूर्ण कर्मचारीको अभिलेख तयार गरी प्रशासकीय अधिकृतले प्रमाणित गराई राख्नु पर्नेछ ।

५. मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीका सम्वन्धमा : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघिबाट निरन्तर कार्यालयको स्वीकृत दरबन्दिमा मासिक वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई करार सेवामा आवश्यक प्रक्रिया पुरा गरी नियुक्ति दिइनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ । तर मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत समानतहको पदमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

६. सेवा सुविधा सम्वन्धी व्यवस्था: यस ऐन बमोजिमका अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय ~~तहको सेवाको निम्ति अयोग्य नठहरिने गरी पदबाट हटाईएमा वा अवकाश दिएमा नियुक्ती भएको~~ मितिले एक वर्ष सेवा गरेका अस्थायी, करार सेवावा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई देहायको दरले सुविधा रकमउपलब्ध गराईने छ ।

(क) पाँचवर्षसम्म सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ति खाईपाई आएको आधा महिनाको तलब बराबरको रकम

(ख) छ वर्षदेखिमाथि जतिसुकै वर्षसम्म सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ति खाईपाई आएको एक महिनाको तलब बराबरको रकम ।

७. विदा सम्वन्धि व्यवस्था: यस ऐन बमोजिमको कर्मचारीले वार्षिक रुपमा सञ्चित नहुने गरी देहायका विदा पाउनेछन्:

(क) विरामीविदा : वर्ष १२ दिन
(ग) भैपरी र पर्व विदा : वर्षको १२ दिन
(घ) प्रसुतिविदा : ६०दिन
(ग) प्रसुति स्याहार विदा: १५ दिन (दुई पटक)
(ङ) किरिया विदा: १५ दिन

८. कोषको व्यवस्था: यस ऐन बमोजिमका कर्मचारीलाई दिइने सुविधावा एकमुष्ट अनुदान रकम प्रदान गर्न गाउँपालिकाले एक कोष स्थापना गर्नेछ उक्त कोषको सञ्चालन आवश्यक कार्यविधि बनाई सञ्चालन गर्नेछ ।

९. कार्य सम्पादनमुल्यांकन : यस ऐन बमोजिम अस्थायी, सेवा करार वा करार सेवाका कर्मचारीहरुको प्रत्येक बर्ष "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्वन्धी मापदण्ड, २०७५" बमोजिम कार्यसम्पादन मुल्याङ्कन हुनेछ ।

१०. पद मुक्त हुने अवस्था : यस ऐन बमोजिमको अस्थायी, करार सेवावा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायको अवस्थामा मात्र पद मुक्त हुनेछन्।

(क) प्रचलित कानुन बमोजिम लोकसेवाआयोगबाट स्थायी, अस्थायी, सेवा करार वा करार सेवामा नियुक्ति पाएको कर्मचारीहरुको दरवन्दिमा स्थायी पदपूर्ति भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) प्रचलित कानून बमोजिमका प्रक्रिया अवलम्बन गरी विभागीय कारबाही भएमा,

(घ) कार्यपालिकाले स्याद थप नगरेमा,

(ङ) खण्ड (ग) मा जुन सुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुनबमोजिम विभागीय कारवाहीको प्रक्रिया अवलम्बन गर्ने विभागीय कारवाही र सजाय प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँकार्यपालिकाले गर्नेछ ।

(च) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा,

११. कर्मचारीको दायित्व : (१) यस ऐन बमोजिमका कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद, तह, योग्यता र अनुभव बमोजिम कार्यालयको जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन नमानेमा यस ऐन बमोजिमको अधिकारीले कर्मचारीलाई विभागीय कार्वाहीको प्रक्रिया अवलम्बन गरी विभागीय कारवाही र सजाय गर्न सक्नेछ ।

१२. सेवा अवधीको गणनाः यस ऐनको कार्यान्वयनका लागि सेवा अवधीको गणना गर्दा गाउँपालिका स्थापना मितिदेखी पछिको मात्र गणना गरिनेछ ।

१३. दण्ड सजाय : यस ऐन बमोजिमका कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम नै दण्ड सजाय हुनेछ ।

१४. नियम बनाउन सक्नेः यस ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१५. खारेजी : यो ऐन प्रारम्भ हुन अघि कायम रहेको यो ऐनसँग बाझिने ऐन यो ऐन प्रारम्भ भएपछि स्वतः खारेज हुनेछ ।